**Shabda Sadhana** **ISSN No: 2661-619X**
**शब्दसाधना वर्ष ७, अङ्क १ : ५७ -७१, कार्तिक २०८१, (November 2024)**

# *सन्तापको धून* कथासङ्ग्रहमा अभिघात

**शंकरप्रसाद गैरे**
उपप्राध्यापक
त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेख सन्तापको धून कथासङ्ग्रहको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत कथासङ्ग्रह अशोक थापाले लेखेका तेह्रवटा कथाहरूको सङ्ग्रहका रूपमा रहेको छ। प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा शारीरिक वा मानसिक रूपमा पीडाबोध गर्ने पात्रहरूका शारीरिक र मानसिक दसाको अभिव्यक्ति पाइन्छ। यस किसिमका विषयलाई साहित्य समालोचनाअन्तर्गत उत्तरआधुनिक समालोचनाको अभिघात सिद्धान्तअन्तर्गत अध्ययन गरिने हुँदा कथासङ्ग्रहमा समाविष्ट कथाहरूलाई सोही सिद्धान्तका सापेक्षमा अध्ययन गरिएको छ । जीवनमा आर्थिक, लैङ्गिक, जातीय, शारीरिक संरचना, दुर्घटना, यौन, अनाथ, विश्वासघात, मानवीय स्वार्थ, द्वन्द्व, दीर्घरोग, शोषण जस्ता विषयको केन्द्रियतामा आधारित रहेका प्रस्तुत सङ्ग्रहका अधिकांश कथाहरूमा अभिघातजन्य अवस्थाको प्रस्तुति पाइन्छ । सङ्ग्रहको नाम सन्तापको धूनले पनि त्यस कुराप्रति सङ्केत गरेको देखिन्छ। अतः सन्तापको धून कथासङ्ग्रहमा समाविष्ट कथाहरूमा अभिघातजन्य अवस्थाको कस्तो प्रस्तुति पाइन्छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रहेर प्रस्तुत सङ्ग्रहका कथाहरूलाई अभिघात सिद्धान्तका सापेक्षमा विश्लेषण गरी यस दृष्टिकोणले प्रस्तुत सङ्ग्रहका कथाहरू महत्त्वपूर्ण रहेको निष्कर्ष निरूपण गरिएको छ ।

**शब्दकुञ्जी** : आघात, ट्रौमा, पीडा, मनोदसा, शोषण ।

## विषयपरिचय

प्रस्तुत अनुसन्धानमूलक लेखमा *सन्तापको धून* कथासङ्ग्रहमा समाविष्ट कथाहरूको विश्लेषण गरिएको छ । प्रस्तुत सङ्ग्रह अशोक थापाका तेह्रवटा कथाहरूको सङ्ग्रह हो । नेपाली विषयमा विद्यावारिधि गरेका थापा प्राध्यापन पेशामा संलग्न छन् । मूलतः समालोचकका रूपमा परिचय बनाएका थापाले कविता कथा लगायतका सिर्जनात्मक विधामा समेत कमल चलाउँदै आएको पाइन्छ । २०७९ सालमा प्रकाशित *सन्तापको धून* उनको पहिलो कथासङ्ग्रह हो । प्रस्तुत कथासङ्ग्रहभित्र पात्रका उमेर कथामा अभिव्यक्त मुख्य समस्याका दृष्टिले भिन्नभिन्न विषयका कथाहरू समाविष्ट भएको पाइन्छ । कथासङ्ग्रहको शीर्षक *सन्तापको धून*ले मानवीय जीवनका चिन्ता, पीडा, शोक, व्यथा, कहरजस्ता पक्षलाई सङ्केत गरेको पाइन्छ। सङ्ग्रहमा समाविष्ट तेह्रवटा कथामध्ये अत्यधिक कथाहरूमा कुने न कुनै रूपमा पात्रले भौतिक वा मानसिक रूपमा भोग्नुपरेका पीडालाई प्रस्तुत गरिएको हुनाले अभिघातका दृष्टिले प्रस्तुत सङ्ग्रह महत्त्वपूर्ण देखिएको छ । *सन्तापको धून* शीर्षकमा अलग्गै एउटा कथा समाविष्ट भए पनि प्रायः सबै कथाका पात्रहरूले सन्तापजन्य कहरको सामना गर्नुपरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा समाविष्ट कथाहरूमा पात्रका

शारीरिक तथा मानसिक अभिघातका भिन्नभिन्न अवस्था तथा मनोदशालाई प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहभित्रका कथाका पात्रहरूले कहीँ आर्थिक गरिबीको कहर झेल्नुपरेका सन्दर्भहरू छन् भने कतै लैङ्गिक विभेदका, जातीय विभेदका, शारीरिक रूपमा भएका कुरूपताका कारण भोग्नुपरेका तिरस्कार यौनजन्य वा अन्य दुर्घटनाबाट उत्पन्न मानवीय स्वार्थ, दीर्घरोगका वा अन्य सामाजिक विभेदका कारण मान्छेले भोग्नुपर्ने अन्याय, अत्याचार शारीरिक तथा मानसिक पीडालाई थापाका कथाका पात्रहरूले भोगेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका कथाका पात्रहरूले यत्रतत्र सन्तापको अनुभव र अनुभूति गरेको पाइन्छ । त्यसकारण प्रस्तुत कथासङ्ग्रहका कथाहरू उत्तरआधुनिक अभिघातका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहमा समाविष्ट कथाहरूको चर्चा परिचर्चा संक्षिप्त समीक्षा भए पनि हालसम्म अभिघात सिद्धान्तका सापेक्षमा सम्यक अनुसन्धानात्मक अध्ययन नभएकाले अभिघात सिद्धान्तका दृष्टिले *सन्तापको धून* कथासङ्ग्रहमा समाविष्ट कथाहरू केकस्ता रहेका छन् ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर पुस्तकालयीय अध्ययन कार्यका माध्यमबाट सामग्री सङ्कलन गरी प्रायोगिक अध्ययन विधि अन्तर्गत सैद्धान्तिक विश्लेषण विधिको प्रयोगबाट प्रस्तुत अध्ययनलाई अगाडि बढाई अभिघातका दृष्टिकोणले *सन्तापको धून* कथासङ्ग्रह सशक्त र महत्त्वपूर्ण रहेको निष्कर्ष निरूपण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेख *सन्तापको धून* कथासङ्ग्रहको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत सङ्ग्रहमा समाविष्ट तेह्रवटा कथाहरूलाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरी उक्त सङ्ग्रहमा समाविष्ट कथाहरूलाई अभिघात सिद्धान्तका सापेक्षमा अध्ययन गरिएको हुँदा प्रस्तुत अनुसन्धान पूर्णतः पुस्तकालयीय अध्ययन कार्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनलाई सम्पन्न गर्न *सन्तापको धून* कथासङ्ग्रहलाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरी सैद्धान्तिक पर्याधारको अध्ययनका निम्ति सैद्धान्तिक सन्दर्भग्रन्थहरूलाई उपयोग गरिएको छ । अतः प्रायोगिक अध्ययनअन्तर्गतको विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## अभिघातको सैद्धान्तिक पर्याधार

घात शब्दमा अभि उपसर्ग लागेर बनेको अभिघात शब्दको अर्थ काटमार, प्रहार, आक्रमण, हमला आदि हुन्छ । साहित्यका क्षेत्रमा उत्तरआधुनिक बहुलवादी साहित्यसमालोचनाका क्षेत्रमा देखापरको अभिघात साहित्य वा अभिघात समालोचनाको क्षेत्र उपर्युक्त शब्दार्थका अत्यधिक निकट देखिन्छ । अंग्रेजीको ट्रौमा शब्दका पर्यायमा नेपालीमा अभिघात शब्दको प्रयोग हुँदै आएको पाइन्छ । साहित्यमा युद्ध, द्वन्द्व र त्यसका प्रभावका विषयमा अघिदेखि नै चर्चा परिचर्चा हुँदै आएको पाइए पनि मूलतः सन् १९९० को दशकबाट समालोचना सिद्धान्तको रूपमा विकसित (पौड्याल, २०७०, पृ. १२३) अभिघातको दोस्रो विश्वयुद्धसँग गहिरो सम्बन्ध देखापर्दछ । यस सिद्धान्तलाई विकसित गर्ने प्रमुख व्यक्ति जेफ्री हार्टम्यान र जाक डेरिडा मानिन्छन् (शर्मा, २०६६, पृ. ६३) । दोस्रो विश्वयुद्ध र त्यससम्बद्ध घटनाहरूले निर्माण गरेका पात्रहरूलाई आधार बनाई अध्ययन गरिएका सामग्रीले यस सिद्धान्तलाई मूल आधार प्रदान गरेकाले यसको मुख्य सम्बन्ध युद्ध र द्वन्द्वसँग रहेको

मानिन्छ (र्शमा, २०६८, पृ.११३) । त्यसो त अभिघातको चर्चाका सम्बन्धमा भिक्टोरियन युग र त्यस युगमा भएको रेल्वे दुर्घटनासँग अभिघातको सम्बन्धलाई जोडेको पाइन्छ । त्यस दुर्घटनामा परेका मानिसहरू शारीरिक रूपमा स्वस्थ हुँदै गए पनि धेरै लामो समयसम्म मानसिक प्रभावबाट मुक्त हुन नसकेको अवस्थामा प्रारम्भमा उनीहरूमा देखिने दिक्दारी, त्रास, विस्मृति, अनिद्रा आदि शारीरिक अशक्तताका कारण भएको मानिदै आएकोमा फ्रायड र ब्रेअरले त्यस्ता घटनाले मानसिक अवस्था अर्थात् स्मृतिमा प्रभाव पार्ने बताएको देखिन्छ (गौतम, २०६५, पृ. ९८) । त्यसपछि अभिघातले शारीरिक चोटका साथसाथै मनमस्तिष्कमा लाग्ने चोटलाई समेत बुझाउन थालेको पाइन्छ (भट्टराई, २०६४, पृ. २२८) । यसरी रेल्वे दुर्घटनाबाट क्रमशः प्रथम तथा द्वितीय विश्वयुद्धका चोटहरूलाई अभिघातका रूपमा लिन थालिएको पाइन्छ (पौड्याल, २०७०, पृ. १२२) भने विस्तारै यसले व्यापकतालाई आत्मसात गर्दै लगेको देखिन्छ । मूलतः दुई विश्वयुद्ध, र त्यसपछि पछिल्लो समयसम्मका विभिन्न युद्धहरू, द्वन्द्वआदिलाई साहित्यमा अभिघातजन्य भयावहताको विशेष भूमिका देख्न सकिन्छ (शर्मा, २०६६, ६३) । साहित्यमा अभिघात लेखन र त्यसको अध्ययनको व्यापकतासँगै यसको अर्थ र अध्ययन क्षेत्रमा समेत व्यापकता सिर्जना हुँदै गएको पाइन्छ । युद्धजन्य भौतिक र अभौतिक साथै मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई अभिव्यञ्जित गर्ने साहित्यलाई विश्लेषण गर्ने (गौतम, २०६७, पृ. ३९१) अभिघात सिद्धान्तले क्रमशः हत्या, हिंसा, अपहरण, त्रास, धराप थापना, नाकाबन्दी, अङ्गभङ्ग, वैधव्य, अनाथत्व, अपुत्रत्व, आतङ्क, पलायन, विस्थापन, अनिश्चय, अराजकता आदि (कोइराला, २०६८, पृ.१५५) विषयहरू अभिघातअन्तर्गत समाविष्ट हुँदै आएको पाइन्छ । अतः कुनै पनि प्रकारको भय र आतङ्कबाट उत्पन्न हुने शारीरिक वा मानसिक विचलनका स्थितिहरूलाई अभिघातले बुझाउँछ (गौतम, २०६६, पृ. ५५) । यस सिद्धान्तले व्यक्ति वा पात्रमा अभिघात उत्पन्न हुने कारण र त्यसको असरका प्रकृतिबारे बुझाउँछ (पौड्याल, २०७०, पृ. १२४) ।

यसप्रकार आरम्भमा दुर्घटना हुँदै प्रथम र द्वितीय विश्वयुद्धका शारीरिक तथा मानसिक आघातका प्रभावहरूको अभिव्यक्ति गर्ने साहित्यको अध्ययन गर्ने साहित्यसिद्धान्तका रूपमा विकसित उत्तरआधुनिक बहुलवादी साहित्यको एउटा भिन्न मान्यता वा दृष्टिकोणका रूपमा अभिघात सिद्धान्त विकसित भएको देखिन्छ । यस पद्धतिका दृष्टिकोणबाट अध्ययनमा व्यापकता सिर्जना हुँदै जान थालेपछि यद्धका प्रभाव तथा द्वन्द्वका प्रभाव हुँदै युद्ध र द्वन्द्वका परिभाषामा व्याप्ति हुँदै कुनै पनि कारण वा माध्यमबाट व्यक्तिले शारीरिक वा मानसिक रूपमा अनुभव गर्ने पीडा, सन्ताप, दुःख, शोक, चोट, आदि अभिघात सिद्धान्तको विषय बन्न पुगेको देखिन्छ । मूलतः युद्ध नै अभिघातको विषय हो तापनि पीडा भय र त्रासअन्तर्गत समेटिने विषयहरू अभिघातको अध्ययन क्षेत्रमा पर्दछन् । अभिघातको यही व्याप्तिपूर्ण अर्थसन्दर्भमा केन्द्रित रही प्रस्तुत समालोचनात्मक लेखमा *सन्तापको धून* कथासङ्ग्रहको विश्लेषण गरिएको छ ।

## विश्लेषण र नतिजा

अशोक थापाद्वारा लेखिएको *सन्तापको धून* कथासङ्ग्रह २०७९ सालमा प्रकाशित भएको हो । प्रस्तुत सङ्ग्रहमा विभिन्न शीर्षकका तेह्रवटा कथाहरू समाविष्ट भएका छन् । ती कथाका पात्रहरूले विभिन्न कारणले शारीरिक रूपमा वा मानसिक रूपमा भोगेका पीडाहरू कथामा अभिव्यक्त भएको पाइन्छ । प्रायः धेरै कथाहरूमा कथानकको विकास हुँदै जाने क्रममा उनीहरूले भोग्नुपरेका पीडालाई प्रस्तुत गरिएको पाइन्छ भने कतिपय कथामा घटनाको उत्कर्षका रूपमा पात्रका अभिघात भोगाइलाई प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका पात्रहरूले भोगेका अभिघात कतै आफ्नै गलत निर्णयका कारण भएको देखिन्छ, कतै विभिन्न किसिमका सामाजिक विभेद र तिरस्कारका कारणले उत्पन्न भएको पाइन्छ भने कतै प्राकृतिक प्रकोपका कारण भएको देखिन्छ । यस सङ्ग्रहका कथामा कतै सन्तापका कारण वृद्ध बाआमा सन्तप्त अभिघात भोग्न विवश देखिन्छन् भने कतै जन्म दिने बाआमाका कारण बालबालिकाहरू समाजको तिरस्कार, अपहेला, घृणा, अपमान सहन विवश देखिएका छन् । विभेदयुक्त समाजमा लैङ्गिक विभेद, आर्थिक अवस्थाका कारण उत्पन्न विभेद, जातीय विभेद आदिलाई थापाका प्रस्तुत सङ्ग्रहमा समाविष्ट कथाले ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । अतः यहाँ सङ्ग्रहका कथाहरूलाई कथाको शीर्षकका आधारमा शीर्षकीकरण गरेर ती कथाका पात्रले शारीरिक वा मानसिक रूपमा भोगेका अभिघातको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

### 'हात्तीछाप चप्पल' कथामा अभिघात

प्रस्तुत सङ्ग्रहका तेह्रवटा कथाहरूमध्ये पहिलो कथाका रूपमा 'हात्तीछाप छप्पल' समाविष्ट छ । प्रस्तुत कथामा हात्तीछाप चप्पल लगाएर स्कुल जानुपर्ने र अत्यन्त कमजोर यस चप्पलको फिता अत्यधिक रूपमा चुड्ने वा फुत्कने हुँदा प्रारम्भमा विभिन्न उपाय गरेर चप्पल मर्मत गर्ने प्रयत्न गर्नुपर्ने अवस्थाका साथै अन्त्यमा कुनै उपाय नलागेपछि खाली खुट्टा नै स्कुल जानुपर्ने अवस्थाको प्रस्तुति गरिएको पाइन्छ । प्रस्तुत कथामा विषय बनेको हात्तीछाप चप्पलको गर्भमा म पात्र ( विद्यार्थी)को पारिवारिक आर्थिक दुर्वलता देखिन्छ तापनि कथामा त्यसतर्फ केन्द्रित नभएर चप्पलकै कारण हुने दुर्घटनालाई केन्द्रमा राखेर कथाको विकास गरेको पाइन्छ । कथामा चप्पल चुडेपछि खाली खुट्टा स्कुल जानुपर्दाका पीडा, बर्खामा चप्पलले छ्यापेर हिलै बनाउँदाका पीडा तथा त्यही चप्पलले दिदीले हिर्काउँदाका पीडालाई प्रस्तुत गरिएको छ । यसरी मूलतः चप्पल चुडेर खाली खुट्टा हिड्नुपर्दा, अझ विशेषगरी ताता ढुँगामा टेकेर हिँड्नुपर्दा हुने पीडाको अभिव्यक्ति कथामा प्रस्तुत भएको पाइन्छ ।

प्रस्तुत कथा मानसिक अभिघातका दृष्टिले विशेष महत्त्वको रहेको पाइन्छ । मानसिक अभिघातको मुख्य कारणका रूपमा हात्तीछाप चप्पल लगाउन विवश गरिबी बनेको देखिन्छ । जहिले पनि स्कुल जाँदैगर्दा बाटोमा चुड्ने र नाङ्गै खुट्टा स्कुल जान विवश र अभ्यस्त म पात्र आफ्ना साथीहरू र शिक्षकका साथ श्रुतिलेखन प्रतियोगितामा जान हिँडेको अवस्थामा चप्पल चुँडेर खाली खुट्टा स्कुल

पुग्छ । उसको त्यो अवस्था देखेर सरले "तँ श्रुतिलेखनमा नजा आज, खुट्टामा चप्पल पनि रहेनछन्" (थापा, २०७९, पृ.३) भन्दा म पात्रको मनमा उत्पन्न पीडालाई कथामा यसरी प्रस्तुत गरिएको छ- "त्यो दिन मेरो मन साह्रै कुँडियो । त्यो पीडा नदेखाउने असफल प्रयास गरेँ" (थापा, २०७९, पृ.३) । यस अभिव्यक्तिले अभावकै कारण आफ्नो क्षमता प्रस्तुत गर्न नपाउनु, प्रतियोगितामा सहभागी हुन नपाउनुको मानसिक पीडालाई अभिव्यक्त गरेको पाइन्छ । त्यस अवस्थामा म पात्रलाई कक्षामा बसेर पढ्न मन नलाग्नु, घन्टौँसम्म खुट्टाको औँलाले भुइँ कोतरेर उभिनुजस्ता अवस्था उसको मानसिक अभिघातका पक्ष हुन् ।

### 'डढुवाई आमा' कथामा अभिघात

*सन्तापको धून* कथासङ्ग्रहको दोस्रो क्रममा रहेको 'डढुवाई आमा' शीर्षकको कथा शारीरिक तथा मानसिक अभिघातको प्रस्तुतिका दृष्टिकोणले विशेष महत्त्वको रहेको पाइन्छ । प्रस्तुत कथामा डढेर कुरूप भएको शरीर र विधवा भएकोले सेतो कपडा लगाउनाले अझ बढी कुरूप देखिने आमालाई घृणा गर्ने छोराले जब मेरेको आफ्नो छाउरालाई आमा (कुकुरनी)ले माया गरेको देख्छ अनि आमाको महत्त्वलाई बुझेर पश्चात्ताप गर्दै फोन गरेर म पात्र माताऔँशीमा आमालाई भेट्न जाछ । उसले ठूलो आँट गरेर 'तिम्रो यो अनुहार के भएर डढेको थियो खासमा ?" (थापा, २०७९, पृ.१८) भनेर सोध्छ । छोराका प्रश्नको उत्तरमा आमाले भनेका कुराले उसले भोग्नुपरेका शारीरिक आघातलाई प्रस्तुत गर्दछ र साथसाथै सामाजिक अन्धविश्वास र कुसंस्कार नै उक्त पात्रले भोग्नुपरेका पीडाको मूल कारण हो भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ । शारीरिक रूपमा आफूले भोगेको पीडा र त्यसको अवशेषका रूपमा जीवनभरिको निम्ति कुरूप हुनुपर्दाको पीडालाई अभिव्यक्त गर्न नसकेर आमाले भनेको कुरा "कुरा लम्बेतान छ बाबु, त्यसै मरक्क गाँठो परेर आम्छ मुटुमा" (थापा, २०७९, पृ.१८) भन्ने अभिव्यक्तिले शारीरिक अभिघातको अवशेषलाई प्रस्तुत गर्दछ । पन्ध्र वर्षको उमेरमा विहे भए पनि पच्चीस वर्षको उमेरमा गर्भ रहन गएपछि शारीरिक रूपमा निकै कमजोर भएको, वान्ता हुने गरेको, रिँगटा लाग्ने गरेको र कमजोरीका कारण मर्छु कि जस्तो लाग्ने गरेको आमाको अनुभवमा शारीरिक पीडा अत्यधिक देखिन्छ । त्योभन्दा अधिक पीडा र मूलतः अभिघातजन्य पीडाका रूपमा साहिँला धामीले आखत हेरेर बोक्सी, डाइनी, डङ्किनीले भेदेको; सके दुवैलाई नत्र बच्चो तुहाउने निष्कर्ष निकालेपछि धामीले अपनाएको उपचार पद्धति शारीरिक अभिघातको उत्कर्षका रूपमा देखापर्दछ । गर्भवती भएको अवस्थामा शारीरिक रूपमै दुर्वल हुन पुगेकी नारीलाई उपचारको बहानामा कुच्चोले हान्नु र दाँत गढ्नेगरी टोक्नुजस्ता पीडाजन्य यातना सहनुपरेको देखिन्छ भने अन्त्यमा तातो पनियोले डामेको पीडादायी घटना कथामा अभिव्यक्त छ । कथामा पीडाको चरमोत्कर्षलाई यसरी प्रस्तुत गरिएको पाइन्छ-

> अन्तिममा आगोमा तताएको रातो पन्यूले पालैपालो डाम्न थाले । कैले भुँडियाँ, तिग्राँ, कन्नाँ अनि धेरै ठाउँमा । ती सबैठाउँमा डामुन्जेल त सहेकी थिएँ, बाबु ! देब्रे गालाँ डाम्दासम्म पनि दाँत किटेर सहिथेँ । जब दाहिने गालामा डाँमे, म मूर्छा परेर पल्टेछु । (थापा, २०७९, पृ.१९)

कथामा अभिव्यक्त म पात्रकी आमाको शारीरिक पीडाको एकप्रकारको चरमोत्कर्षका रूपमा प्रस्तुत घटना देखापर्दछ तर शारीरिक पीडाको अर्को रूपलाई कथामा प्रस्तुत गरिएको छ । तताएर रातो पारिएको पनियोले डामेका घाउ र जेठको चर्को गर्मीले दिएका पीडाको विषयमा समेत कथामा घटनाको प्रस्तुति पाइन्छ । डामेको शरीरमा निस्किएका पानीफोकाका कारण केराका पातमा सुताइनुपर्दाका पीडालाई पनि कथामा प्रस्तुत गरिएको पाइन्छ । गालामा उठेका फोकामा भरिएको पानी छर्लङछर्लङ गर्दै बज्दाका पीडालाई आमाले विगतमा भोग्नुपरेका शारीरिक पीडाका विषय कथामा अभिघातको उत्कर्ष बनेर देखापरेका छन् ।

प्रस्तुत कथामा शारीरिक सौन्दर्यको अभावकै कारण आफैले जन्म दिएको छोराबाट समेत तिरस्कृत हुन विवश आमाको मानसिक पीडालाई प्रस्तुत गरेको पाइन्छ । कथा प्रथमपुरुष कथनढाँचामा रहेको र वक्ता पात्र छोरो भएकाले आफूले आमालाई रूपकै कारण गरेको तिरस्कारलाई प्रस्तुत गरिएको पाइन्छ । यस क्रममा छोराले गरेका व्यवहार र प्रकट गरेका अभिव्यक्तिले आमाका मनमा पुग्ने चोट वा पीडालाई सङ्केत गरेको देखिन्छ । कथाको मपात्र कुरूप भएकै कारण आमालाई यतिसम्म घृणा गर्छ कि स्कुलमा ‘आमाको माया’ शीर्षकमा निबन्ध लेख्न लगाउँदा नलेखी बस्छ । ऊ आमालाई कतिसम्म घृणा गर्छ भन्ने विषयमा कथामा भनिएको छ- “जब म मेरी आमाको अनुहार सम्भिन्थेँ त्यसै सिरिङ्ग भएर जिउमा काँडा उम्रिन्थे । अझ आमासँगै बिताएका ती रद्दी दिनहरू सम्भिँदा त अनायासै चक्कर लाग्लाजस्तो हुन्थ्यो” (थापा, २०७९, पृ.११) । आफ्ना सन्तानले यतिसम्मको घृणा गर्दा आमाको मन पीडाले छियाछिया हुनु स्वाभाविक नै हो । त्यसमाथि म पात्रले स्वयं आमासँग पटकपटक त्यो व्यवहार प्रकट गरेर मनमा पीडा पुऱ्याएको देखिन्छ । अनुहार डढेकी आमाले सहनुपरेको तिरस्कारका विषयमा भनिएको छ- “बाबाको हेपाइ, समाजको अपजस र छोराको तिरस्कारको त्रिवेणीको खास अरु कारण थिएन सिवाय उनको डढेको ध्वांसे अनुहार” (थापा, २०७९, पृ.११) । यतिसम्मको तिरस्कारले एक व्यक्तिका मनमा पुग्ने चोट कतिसम्म पीडादायी हुन्छ भन्ने कुरा मर्मस्पर्शी छ । जुन कारणले म पात्रकी आमाले तिरस्कार, अपमान र अपजस सहनुपरेको देखिन्छ त्यसको मूल कारण नै समाजको अन्धविश्वास, पतिले बोलाएको लामा र छोरो पेटमा भएकै कारण उत्पन्न शारीरिक दुर्वलता हुनु पीडाको उत्कर्षको अर्को कारण बनेको देखिन्छ । छोराले हरेक कुरामा तिरस्कार गर्दा, छोराको प्रगति हेर्न स्कुल जाने रहरबाट छोराले नै निषेध गर्दा उत्पन्न पीडा कथामा अभिव्यक्ति छ । यसरी रूपकै कारण छोरा, लोग्ने र समाजबाट तिरस्कृत हुनुले मानसिक पीडाको अभिव्यक्तिका रूपमा ‘डढुवाई आमा’ कथा प्रस्तुत भएको पाइन्छ ।

### ‘नुच्छेमान’ कथामा अभिघात

*सन्तापको धून* कथासङ्ग्रहमा समाविष्ट तेस्रो कथा ‘नुच्छेमान’ आर्थिक अवस्थाले दिने शारीरिक तथा मानसिक पीडालाई अभिव्यक्त गर्ने कथा हो । प्रस्तुत कथाको प्रमुख पात्र नुच्छेमान वृद्धावस्थामा कपडा सिलाएर जीविकोपार्जन गर्न बाध्य देखिन्छ । काठमाडौँमा दश रोपनी

जग्गासहितको घर भए पनि बाबुले जुवा खेलेर लगाएको ऋण तिर्दा सम्पत्ति सकिएपछि आफैले बेचेको घरमा भाडा गरेर कपडा सिलाउन बाध्य बनेको देखिन्छ । थोत्रो भएको मेसिनले राम्ररी काम नगर्दा दुःख पाएको नुच्छेमानले राम्रोसँग आँखा देख्दैन । आराम गर्नुपर्ने अवस्थामा पनि काम गर्न विवश नुच्छेमानले बलजफ्ती कपडा सिलाउने प्रयास गर्दा मेसिनको सुइले औंला सिलाइदिएपछि पीडाले छट्पटिएको विषयलाई कथामा प्रस्तुत गरिएको छ । त्यही पीडाले केही दिनमा नुच्छेमानको निधन हुन्छ । यस कथामा नुच्छेमानको शारीरिक पीडाको मुख्य कारण बनेर बाबुले जुवा खेल्दा लागेको ऋण तिर्न जग्गा र घर बेच्नुपरेको; त्यही कारणले उत्पन्न आर्थिक अभाव र घर खर्च धान्न सकीनसकी कल चलाउने काम गर्दा सियोले औँला छेँडिदिँदा उत्पन पीडा प्रस्तुत कथामा अभिव्यक्त भएको शारीरिक अभिघातका रूपमा देखापर्दछ ।

प्रस्तुत कथामा एकातिर बाबुको कारण सम्पत्ति बेचेर आर्थिक रूपले गरिब नुच्छेमानले बुढेसकालमा सकिनसकि कल चलाउनुपर्दाको मानसिक पीडालाई प्रस्तुत गरेको पाइन्छ भने अर्कातर्फ उसको अवस्थालाई देखेर करुणाद्र बनेको म पात्रको अभिघात मनोदशालाई प्रस्तुत गरिएको पाइन्छ । म पात्र आफ्नो अभिघातजन्य मनोदशालाई यसरी प्रकट गर्छ-

> मनमा सवार भयो विछिप्तता र सन्ताप । नुच्छेले पुराना लुगा सिलाएको जुग भयो तर अभावको भ्वाङ किन टालेनन् ? लुगा काट्ने जोड्ने गरिरहे, तर काटेर कहिल्यै किन फालेनन् अभावका ऐँजेरुहरू ? उनी सुन्दर बनाउछन् आइरन दलेर कपडा, तर कहिल्यै सुन्दर बनेन गरिबीले मुजा परेको उनको अनुहारको कान्ति । (थापा, २०७९, पृ.२५)

प्रस्तुत कथामा एकातिर नुच्छेमानको गरिबी र नसकीनसकी काम गर्नुपर्दाको पीडा अभिव्यक्त छ भने अर्कोतर्फ संवेदनशील मानवतावादी हृदय भएको म पात्रको मानसिक पीडालाई कथाले अभिव्यक्त गरेको पाइन्छ ।

**'भजाइनल ट्रमा" कथामा अभिघात**

प्रस्तुत कथासङ्ग्रहको चौथो क्रममा रहेको 'भजाइनल ट्रमा' शीर्षकको कथा मूलतः मानसिक अभिघातको प्रस्तुतिमा केन्द्रित देखिन्छ तापनि त्यसको मुख्य कारण बनेर जीवनको कुनै समयमा भएको दुर्घटना र त्यस दुर्घटनाले शरीरमा लागेको चोट कथामा शारीरिक अभिघातका रूपमा प्रस्तुत भएको देखिन्छ । प्रस्तुत कथाकी प्रमुख पात्र उन्नाइस वर्षकी मेनका तमु होलीको दिन साथीहरूसँग कलेजमा रमाइलो नगरेको देखेर साथीहरू पछ्याउदै कोठामा पुग्छन् र कारण सोध्छन् । दाजुसँग बस्ने मेनकाले केही समयदेखि शिशिरसँग प्रेम गर्छे । एकदिन दाइ कोठामा नभएको अवस्थामा कोठामा आएर यौन सम्बन्ध राख्न खोज्छ । मेनकाले नमानेपछि ऊ रिसाउँदै सम्बन्ध तोडेर कोठाबाट निस्कन्छ । मेनकाले शिशिरसँग शारीरिक सम्बन्ध राख्न किन तयार भइन भन्ने सम्बन्धमा ऊ आफै कारण सुनाउँछे । घरमा छँदा बेलौती खान रुखमा चढेकी मेनका रुखबाट लड्दा सुकेको हाँगो यौनाङ्गमा पस्नु, जटिल उपचारपछि उसको ज्यान जोगिनु तर करिब चार वर्ष गुप्ताङ्गमा तीव्र सङ्क्रमण फैलिन सक्ने सम्भावना रहेको डाक्टरले सुनाउँछ । अतः अम्बाको रुखबाट लडेर गुप्ताङ्गमा काठको ठुटो जाकिएको विषय कथामा शारीरिक अभिघातका रूपमा

प्रस्तुत भएको देखिन्छ । आफ्नो त्यो पीडालाई मेनकाले यसरी सुनाएकी छ- "शरीरमा केही रोपिएजस्तै भयो । ... पहिला म केहीमा रोपिएँ र बज्जारिएँ भुइँमा । ... मेरो गुप्ताङ्ग ठेसोमा परेछ र छेडेछ मलाई । भुतभुते दुखाइको जलन नसानसामा ज्वाला बनेर कुदिरहेको थियो" (थापा, २०७९, पृ. ) । यसरी सुकेको काठले यौनाङ्गलाई छेड्दाको मार्मिक पीडालाई कथामा प्रस्तुत गरिएको छ जो शारीरिक पीडा भएकोले शारीरिक अभिघातमा पर्दछ ।

प्रस्तुत कथामा युवाशुलभ प्रेम र त्यसक्रममा एकको विवशता अर्कोले नबुझिदिँदा उत्पन्न मानसिक अभिघातलाई अभिव्यक्त गरिएको पाइन्छ । यौन सम्बन्ध राख्न नमानेकै कारण रिसउँदै तिरस्कार गरेर हिँडेको शिशिरको व्यवहारका कारण मेनुकाको मनमा उत्पन्न चोट र पीडा नै प्रस्तुत कथामा अभिव्यक्त मानसिक पीडा वा अभिघातका रूपमा देखापरेको छ । आफ्नो शारीरिक दुर्वलता र वाध्यतालाई सुनाउन गरेको भ्वाइस म्यासेजको समेत शिशिरले जवाफ नदिँदा मेनुकाको मनमा गहिरो चोट पुगेको देखिन्छ । अतः प्रस्तुत कथा प्रेम अभिघातको अभिव्यक्ति भएको कथाका रूपमा देखापरेको छ ।

### 'उदास बिहीबार' कथामा अभिघात

प्रस्तुत सङ्ग्रहको पाँचौ क्रममा रहेको कथा 'उदास बिहीबार' आफैमा मानसिक अभिघात प्रवल भएको कथाका रूपमा देखापर्दछ । प्रस्तुत कथामा आमाले बाटोमै छोडेर हिँडेको र फर्केर नआएको घटनाका कारण बालबालिकाका मनमा आमाको तिरस्कारले दिएको मानसिक पीडा र त्यस्ता बालबालिकालाई अन्य व्यक्तिहरूले वा समाजले गर्ने दुर्व्यवहार र बोल्ने दुर्वचनका कारण उत्पन्न मानसिक पीडाको अभिव्यक्ति गर्ने कथाका रूपमा देखापरेको छ । एक अपरिचित बदाम बेच्ने महिलालाई एकछिन हेरिदिन भनेर हिंडेकी आमा दिनभर फर्किएर नआएपछि पुलिसको जिम्मामा पुगेकी तीन वर्षे बालिका शैलीका मनमा परेको चोटको अभिव्यक्ति कथामा यसरी प्रस्तुत गरिएको छ- "मेरी आमाको खिरिलो शरीरभित्र ठूलो मुटु छ, र त्यहाँ मायाको खानी छ भन्ने लाग्थ्यो । तर त्यो भ्रम साबित भएको थियो अचानक । किन ? आमाले मलाई सडकमा मिल्काइन् ?" (थापा, २०७९, पृ.४४) । आमाको तिरस्कार सहेर बालाश्रममा पुगेकी शैलीले आफ्नो जीवन शून्य, अन्धकार, उदास र सन्तापले युक्त रहेको महसुस गरेको देखिन्छ । बालाश्रमकै मिसले एकदिन बोलेको "सडकबाट टिपेकाको त दिमाग पनि सधैं सडकछाप नै हुँदोरहेछ । यस्ता त अर्को जुनीमा पनि टुहुरै भएर जन्मनु परोस्" (थापा, २०७९, पृ.४९) भन्ने दुर्वचनले बालपात्र शैलीको मनमा यतिसम्म चोट पुऱ्याउँछ कि ऊ त्यो सह्न नसकेर खोलामा हाम फालेर आत्महत्याको प्रयास गरेको देखिन्छ । यसरी प्रस्तुत कथामा बालबालिकाको मानसिकतामा पर्ने आघातलाई ज्यादै महत्त्वपूर्ण ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत कथामा शारीरिक अभिघात विशेष रूपमा प्रकट भएको पाइँदैन तापनि कथाकी पात्रले आत्महत्याको प्रयत्न गर्दै नदीमा हाम फालेको र जीवित रहेको सन्दर्भले नदीमा बग्ने क्रममा हुने शारीरिक पीडातर्फको सङ्केत कथामा पाइन्छ ।

**'वीर्यदान' कथामा अभिघात**

प्रस्तुत सङ्ग्रहको छैटौँ क्रममा रहेको 'वीर्यदान' कथामा रोमुसँग प्रेम गर्ने सरला पारिवारिक दबाबका कारण रमेशसँग विवाह गर्छे । कोरियामा बस्ने रमेश र सरलालाई लामो समय बच्चा नभएपछि रमेश नेपाल आएको अवसर पारेर डाक्टरको परामर्शमा रमेशको वीर्य सङ्कलन गरी सरलाले नियमित डाक्टरसँगको सहयोगमा पाठेघरमा रमेशको वीर्य राखेर गर्भधारणको प्रयत्न गर्ने निर्णय र तयारी हुन्छ । परन्तु सरलाले तीनपटक हस्पिटलको प्रक्रिया गर्छे । त्यसपछि हस्पिटल जान छोडेर आफ्नो पूर्व प्रेमी रोमुसँग शारीरिक सम्बन्ध राखेर बच्चा जन्माउँछे तर मेडिकल प्रक्रियाबाट नै बच्चा रहेको बताउँछे । परन्तु परामर्शदाता नर्स र रमेशको मेसेन्जर संवादले सरलाको गर्भधारण र सन्तान जन्मनु वैधानिक होइन अनैतिक यौन सम्बन्धको परिणाम हो भन्ने थाहा पाएपछि रमेशको मनमा परेको आघात नै प्रस्तुत कथाको मनोघातजन्य प्रस्तुतिका रूपमा देखापरेको छ ।

**'गाजल बेच्ने केटी' कथामा अभिघात**

*सन्तापको धून* कथासङ्ग्रहको सातौँ क्रममा रहेको 'गाजल बेच्ने केटी' कथामा बालबालिकाका जीवनमा अभिभावकको अभावका कारण उत्पन्न अभिघातजन्य पीडा देखिन्छ । काठमाडौँका सडक व्यापारीहरूलाई सुरक्षाकर्मीले धरपकड गर्नु र जोगिनका निम्ति भागाभाग गर्नु कथामा अभिव्यक्त मुख्य बाह्य वा शारीरिक अभिघातका रूपमा देखापरेको छ । कथाकारले प्रस्तुत कथामा सानो यस घटनालाई ज्यादै प्रभावोत्पादक ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ ।

> शान्त मानव तलाउ कुदाकुद, भागाभागले क्षणभरमै छितरियो । एकापसमा ठोकिने, भुँइमा पल्टिने सामान छिरलिने मानव निर्मित प्रलयका कारण उत्सवको उत्साहबाट अनायासै माहौल त्रासदीमा बदलियो । बाटाभरि सामान पोखिए । व्यापारीका सपना पोखिए । मान्छे लडे । साइकल लडे । ठेला लडे । (थापा, २०७९, पृ.६९)

प्रस्तुत कथामा कथाकी मुख्य पात्र गाजल बेच्ने केटी तातो दुधले पोलिएको प्रसङ्ग पनि उल्लेख छ तर नौ महिनाको उमेरमा घटेको उक्त घटनाले जीवनभरि मानसिक आघात पुऱ्याएको भए पनि शारीरिक आघातका दृष्टिले विशेष महत्त्वको देखिँदैन ।

प्रस्तुत कथामा मानसिक अभिघातको प्रस्तुति शारीरिक अभिघातका तुलनामा सशक्त देखिन्छ । प्रस्तुत कथामा बाल्यकालमै दुधले डढेकी, आमाबाको मृत्यु भएकाले अनाथ युवतीको जीवन सङ्घर्षलाई प्रस्तुत गरिएको छ । काठमाडौँमा अङ्कलको फेन्सी र कस्मेटिक पसल रहेको र उनीहरूलाई नै सहयोग गरेर उनीहरूसँग बस्दै आएकी उक्त युवतीले बहिनीलाई समेत जिम्मा लिनुपर्ने भएपछि दुईवटीलाई पाल्न दुःख मानेकी आन्टीले उनीहरूलाई निकाल्ने बहानामा चोरीको आरोप लगाउँदै भन्छे- "दिनदिनै सामान हराउन थालेका छन् पसलबाट । तैँले दिउँसो पसलबाट सामान टप्काउने र बहिनीले भोलिपल्ट स्कुलमा लगेर बेच्ने कसले बुझ्केको छैन र ?" (थापा, २०७९, पृ.७४) । त्यस आरोपले मनमा परेको चोटले रातभरि दिदी बहिनी रुन्छन् र आन्टीको घरबाट निस्कन्छन् । अनुहार जल्नु, आमाबुबाको निधनले टुहुरो हुनु आन्टीले आरोप लगाउनुजस्ता

अनेक ठक्करले मनमा लागेको चोटका विषयमा युवती भन्छे- “हरेक दिन आत्मामा दन्केको आगो सही नसक्नुको छ । पोलेको घाउ त बरु अलिअलि भए पनि निको हुँदोरैछ दाई, तर दिनदिनै तिरस्कारले छेडिएका मनका दागहरू नमेटिने रहेछन्” (थापा, २०७९, पृ.७७) । यसरी एउटी युवतीले समाज र आफन्तबाट भोग्नुपरेका तिरस्कारजन्य अपमानका कारण उत्पन्न मानसिक आधातका दृष्टिले प्रस्तुत कथा सशक्त देखिन्छ ।

### ‘रित्तो आँगन’ कथामा अभिघात

*सन्तापको धून* कथासङ्ग्रहको आठौँ क्रममा रहेको ‘रित्तो आँगन’ कथाको आरम्भ नै शारीरिक रूपमा उत्पन्न पीडा र भयसँग सम्बन्धित देखिन्छ । पहिलो सन्तान छोरा नै चाहिन्छ भन्ने मान्यताले गर्भपतन गर्न श्रीमान् दुर्वासाका साथ दिल्ली पुगेकी मनकली जोखिमपूर्ण गर्भपतनका कारण घन्टौँसम्म रगत नरोकिएपछि र डाक्टरहरूले समेत चिन्ता प्रकट गर्न थालेपछि मरिन्छ कि भन्ने भय शारीरिक पीडासँग सम्बन्धित देखिन्छ । आँखाबाट आँसु झार्दै लोग्नेको हात समातेर “बाबा म त तङ्ग्रन्नँ कि के हो अब ? मर्छु होला” (थापा, २०७९, पृ.७८) भन्नुबाट मनकलीको शारीरिक पीडाका कारण उत्पन्न भयलाई सङ्केत गर्दछ । प्रस्तुत कथामा जुन छोराको आशक्तिले गर्भमा रहेको छोरीको हत्या (गर्भपतन) गरेका हुन्छन् त्यही छोराले आमाबाबुको वास्ता नगरेर विदेशमा बसिदिँदा मनकली र दुर्वासाका मनमा पुगेको आघात मनोघातका रूपमा देखापर्दछ ।

### ‘भित्ताका कान’ कथामा अभिघात

प्रस्तुत सङ्ग्रहको नवौँ क्रममा रहेको ‘भित्ताका कान’ कथा बाह्य अभिघातका दृष्टिले विशेष महत्त्वपूर्ण नरहे पनि मानसिक अघिताका दृष्टिले सशक्त देखिन्छ । छोरो कार्गिलमा रहेका बेला घरमा ससुरा बुहारीलाई एउटै बिस्तरामा नग्न अवस्थामा देखेकी आमा नर्मदाका मनमा उत्पन्न अभिघातका रूपमा कथा प्रस्तुत भएको देखिन्छ । यसले विश्वासमाथिको प्रतिघातको रूप लिएको पाइन्छ । आफ्ना मनमा लोग्ने र बुहारीको नग्नताका कारण उत्पन्न अभिघातलाई चिठीका माध्यमबाट आमा नर्मदाले यसरी सुनाएकी छन्-

> तिमी राइफलको सिरानी हालेर कारगिलमा छौ । शुभ कुरा मात्र सुनाउन पाए पनि हुन्थ्यो । तिम्रा बा जन्मिदाको दिन जस्तै थिए । शरीरमा कन्धनी र जनैबाहेक अरु कुनै लुगा थिएन । चरनाम नाङ्गै । दुवैजना एउटै कम्बललाई खुट्टा चढाएर गहिरो निद्रामा थिए । दक्षिणपट्टि तिम्री बूढी उत्तानो परेर मस्त निद्रामा थिई । पेटिकोट बट्टारिएर लाटीको सालजस्तै बनेको थियो । (थापा, २०७९, पृ.९५)

नेपाली समाज जहाँ यौनलाई अत्यन्त मर्यादित र संवेदनशील क्रिया मानिन्छ त्यहाँ यो तहको अनैतिक र अमर्यादित ढङ्गको यौनसम्बन्ध देख्दा म पात्र आमा (नर्मदा)का मनमा उत्पन्न अभिघात चरम उत्कर्षको देखिन्छ । त्यसको प्रभावले अर्थात् सहन नसकेर आत्महत्याका निम्ति नर्मदाले

नदीमा हाम फालेर आत्महत्या गर्नुले त्यस घटनाले उत्पन्न गरेको चरम मानसिक आघातलाई अभिव्यक्त गर्दछ ।

**'निर्दोष भूलहरू' कथामा अभिघात**

प्रस्तुत सङ्ग्रहको दशौँ क्रममा रहेको 'निर्दोष भूलहरू' कथा आफैमा अभिघातका दृष्टिले विशेष महत्त्वको देखिँदैन तापनि कथामा प्रस्तुत भएका चारवटा खण्डमध्ये दोस्रो खण्डमा प्रस्तुत गरिएको घटनामा केटाहरू दानव र केटीहरू देवी बनेर खेल्ने खेलमा केटाहरूले केहीहरूलाई घिसारेर खरबारीमा पुऱ्याएर बदमासी गर्न थालेपछि बदलामा उनीहरूका पेटमा झिर रोपेको घटना शारीरिक अभिघातजन्य घटनाका रूपमा प्रस्तुत भएको पाइन्छ ।

**'बेचेका कुलदेवता' कथामा अभिघात**

प्रस्तुत *सन्तापको धून* कथासङ्ग्रहको एघारौँ क्रममा रहको 'बेचेका कुलदेवता' कथा प्राकृतिक प्रकोपबाट हुने अभिघात अर्थात् पीडाका दृष्टिले ज्यादै महत्त्वको देखिन्छ । प्रस्तुत कथामा सुखको खोजीमा आफ्नो मूल थलो बेचेर हिँडेर झन् बढी दुःख पाएको सन्दर्भलाई प्रस्तुत गरिएको पाइन्छ । आफ्नो मूलथलो छोडी हिँडेका रामनरेशको परिवारले प्राकृतिक विपत्तिबाट भोग्नुपरेको पीडा नै प्रस्तुत कथामा अभिघातका रूपमा देखापरेको छ । मध्यरातमा परेको चट्याङले घरमाथिको सिमलको रुखमा लागेर चिरिएपछि उनीहरूमा उत्पन्न भय कथामा अभिघातका रूपमा देखापर्दछ । घरमाथि पहिरो र घरमुनि बाढीले त्रस्त बनेको रामनरेश श्रीमतीले केही हुन्न भनेर ढाडस दिँदा भन्छ "केही हुन्न, केही हुन्न भन्दाभन्दै यहाँ आएदेखि केके भइसक्यो । सुतेकै ठाउँमा पसेर सर्पले कसरी डसेर माऱ्यो छोरालाई ... भन् त ? चितुवा खोरैमा पसेर सबै बाख्रा मरेको पनि त थाहा छ तँलाई" (थापा, २०७९, पृ.१११) । पहिरोको डरले गोठका गाई बाख्रा फुकाएर आफूहरू पाटीमा गएर बस्नुपर्दाका पीडालाई कथाले अभिव्यक्त गरेको देखिन्छ । घरमाथि पहिरो झर्नु, सिमल ढलेर गोठ चापिनु, पशुचौपायाको बिजोग देखेर रामनरेश डाँको छोडेर रुनुजस्ता सन्दर्भहरू कथामा प्रस्तुत भएका छन् । सिमलले च्यापिएर गोठ भत्कँदा बाच्छो च्यापिएर मरेको सिनो गनाउँछ । लैनो मालीगाई रामनरेशको काँधमा च्यापु दलेर कारुणिक आवाजमा कराउँछ । यसरी प्राकृतिक विपत्तिका कारण अभिसप्त जीवन भोग्न विवश परिवारको अभिघातजन्य कथाका रूपमा देखापरेको छ ।

प्रस्तुत कथा मानसिक अभिघातका दृष्टिले समेत महत्त्वपूर्ण देखिन्छ । सुखको खोजीमा पैत्रिक थलो बेचेर हिँडेका रामनरेशको परिवारले भोगेको प्राकृतिक प्रकोप र त्यस प्रकोपबाट उत्पन्न मानसिक पीडा नै प्रस्तुत कथामा मानसिक अभिघातका रूपमा प्रस्तुत भएको देखिन्छ । बसाइ सरेर गएको ठाउँमा सुतेकै ठाउँमा पसेर सर्पले डसेर छोराको मृत्यु हुनु, चितुवा खोरमै पसेर सबै बाख्रा खाइदिनु, पालेका कुखुरा स्यालले खाइदिनु, घरमाथिको ठूलो सिमलको रुखमा चट्याङ खस्नु, घरमाथि पहिरोको भय र घरमुनि बाढीको भयका कारण घर छोडेर पौवामा बस्न जानुपर्ने अवस्था रामनरेशको र उसकी स्वास्नीको मनमा अभिघात सिर्जना गर्ने घटनाहरू हुन् । सिमलको रुख

ढलेर गोठ भत्किनु, लैनो बाच्छो च्यापिएर मर्नु, मालीगाई दुब्लाउनु र रामनरेशको काँधमा टाउको राखेर आँसु चुहाउनुजस्ता घटनाले उसको मनमा अभिघातको अवस्था सिर्जना भएको पाइन्छ । "मन थामिएन । ह्वाँ गरेर रोयो रामनरेश" (थापा, २०७९, पृ.११३) भन्ने अभिव्यक्तिले परिस्थितिले उसको मनमा उत्पन्न चरम पीडाको अवस्थालाई अभिव्यक्त गरेको पाइन्छ ।

**'सन्तापको धून' कथामा अभिघात**

प्रस्तुत कथासङ्ग्रहको बाह्रौं क्रममा रहेको 'सन्तापको धून' कथा मूलतः विषयलाई पूर्वस्मृतिको रूपमा प्रस्तुत गर्दै धेरै अघि देखेको घटनालाई प्रस्तुत गरिएको छ । मृतक आरन किस्ने नै कथाको मुख्य पात्र रहेको र ऊ मरिसकेका सन्दर्भमा शारीरिक अभिघात कथामा कम देखिन्छ र पनि वर्षौंदेखि कोढ लागेर खुट्टो खोच्याउँदै हिँड्ने किस्ने गरिबी र विवसताका कारण साउनको गर्मीमा गोल पोल्न जाँदा मरेको घटनाले उसको शारीरिक पीडालाई सङ्केत गर्दछ । कथामा भनिको छ- "गोलमा आगो दन्किरहेको थियो । ऊ खाल्डो नजिकै पल्टियो । उखरमाउलो गर्मीमा सायद उसलाई भाउन्न भयो" (थापा, २०७९, पृ.१५) । यस अभिव्यक्तिबाट साउने गर्मी र गोलमा चर्केको आगोले किस्नेलाई हुने शारीरिक पीडाको सङ्केत गर्दछ भने त्यो पीडा सहन उसलाई गरिबीले विवस बनाएको देखिन्छ । ज्यानै जाने सम्मको शारीरिक पीडा सहन ऊ विवस देखिन्छ ।

**'नरकङ्कालको गीत' कथामा अभिघात**

प्रस्तुत सङ्ग्रहको अन्तिम कथाका रूपमा रहेको 'नरकङ्कालको गीत' कथामा विभिन्न बहानामा गाउँको छेउमा रहेको गिद्दे भीरमा हत्या गरिएका तीनवटा घटनालाई प्रस्तुत गरिएको पाइन्छ । यस क्रममा गाउँमा अचानक कुष्टरोग लाग्दा त्यसबाट प्रभावित तोर्मे साहिलो र खिरुलीलाई मुखियाको आदेशमा गाउँ निकाला गरिएको घटना देखापरेको छ । एकातिर कुष्टरोगले कुजिएको शरीर र त्यसमाथि गाउँबाट निकालेर तारेभीरमा खेदाइँदाको घटना कथामा अभिघातका रूपमा प्रस्तुत देखापर्दछ । त्यस घटनाले प्रभावित तोर्मे र खिरुली पीडाले रोएको प्रसङ्गलाई समेत कथामा प्रस्तुत गरिएको पाइन्छ । कथामा प्रस्तुत गरिएको दोस्रो घटनामा उमेरमै विधवा बनेकी बतासे कान्छीले रक्सी पारेर जीविकोपार्जन गर्छे । गाउँका प्रधानले गर्भवती तुल्याएपछि त्यही पहरोबाट खसालेर हत्या गरिदिन्छ । कथामा घटना सूचनाका रूपमा मात्र प्रस्तुत छ र पनि हत्या गरिँदाको शारीरिक यातना अभिव्यक्त भएको पाइन्छ । कथामा प्रस्तुत गरिएको तेस्रो घटनामा दुईजना छापामार युवाहरूलाई त्यही पहरोमा लगेर गोली हानी हत्या गरिएको प्रसङ्ग शारीरिक अभिघातसँग सम्बद्ध देखिन्छ ।

प्रस्तुत कथामा गिद्धे पहरो नामकरण गरिएको गाउँको छेवैमा रहेको पहरोमा मारिएका मान्छेको आत्माले डराउन दिन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यस भयबाट आक्रान्त सुरवीरले त्यही भयका कारण ज्यान गुमाएको प्रसङ्ग कथामा प्रस्तुत गरेको पाइन्छ । कालीज मार्न गिद्धे पहरोमा गएका सूरवीरले मारेको कालीज मसानले हातैबाट खोसेपछि आएको ज्वरोले उनको ज्यान गएको

सन्दर्भ मानसिक भयसँग सम्बन्धित देखिन्छ । कथामा कुष्ट रोग लागेकाले गाउँ निकाला गरिँदाको तोर्मे साइँलो र खिरुलीको मनोभावनामा परेको पीडा कथामा यसरी प्रस्तुत भएको छ-

> साँहिलो र खिरुली ... डाँको छोडेर रुन थाले- हे भगवान् हामीले के पाप गरेका थियौँ ? हाम्रो दोष के हो ? हामीले कुन गल्तीका लागि यो सजाय पाउँदैछौँ ? आफ्नो टोल, छिमेक, परिवार, इष्टमित्र नातागोता छोडेर जङ्गलको पहरोमा बस्न जानुपर्ने ? (थापा, २०७९, पृ.१३२)

अन्तिमपटक भतिजको मुख हेर्न खोज्दा समेत नदिएर गाउँ निकाला गरिँदाको उनीहरूको मानसिक पीडा कथामा अभिघातको उत्कर्षका रूपमा प्रस्तुत भएको पाइन्छ ।

## निष्कर्ष

*सन्तापको धून* कथासङ्ग्रह अशोक थापाका तेह्रवटा कथाहरूको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहका कथाहरूमा लेखकले मानवीय जीवनका दुःख, पीडा, चिन्ताजस्ता सन्तापजन्य अवस्थाहरूलाई प्रस्तुत गरेका छन् । कृतिको शीर्षक नै आफैमा शोकजन्य, सन्तापजन्य, चिन्ता र पीडाजन्य रहेकाले पनि प्रस्तुत *सन्तापको धून* सङ्ग्रह सन्तापजन्य अभिघातले युक्त कथाहरूको सङ्ग्रह भएकोतर्फ सङ्केत गर्दछ । 'सन्तापको धून' आफैमा सङ्ग्रहको बाह्रौँ क्रममा रहेको कथाको शीर्षक हो । जुन शीर्षकलाई कथाकारले सङ्ग्रहको नामका निम्ति समेत चयन गरेका छन् । प्रस्तुत कथाका साथै सङ्ग्रहभित्रका सबै कथाहरूले विभिन्न कारणले जीवनमा उत्पन्न हुने सन्तापलाई प्रस्तुत गरेका छन् । अभिघातजन्य ती सन्तापहरू शारीरिक र मानसिक सन्तापका रूपमा प्रस्तुत भएका छन् । कुनै कथामा शरीरजन्य सन्तापमात्र र कुनैमा मानसिक सन्तापजन्य अभिघातको मात्र प्रस्तुति भएको छ भने प्रायः धेरै कथामा शारीरिक र मानसिक दुवैखाले अभिघातको प्रस्तुति पाइन्छ । कतिपय कथामा अभिघातको प्रस्तुति झिनो रूपमा भएको पाइन्छ भने कतिपयमा प्रवल रूपमा प्रयोग भएको छ । मूलतः 'डढुवाई आमा' र 'बेचेका कुलदेवता' कथा अभिघातको प्रयोगका दृष्टिले ज्यादै शक्तिशाली कथाका रूपमा देखापर्दछन् । 'हात्तीछाप चप्पल'मा आर्थिक अभावका कारण स्कुल जाँदा हात्तीछाप चप्पल लगाउनुपर्ने र जुनसुकै बेला फिता चुडेर खाली खुट्टा हिँड्नुपर्ने विद्यार्थीको शारीरिक पीडालाई प्रस्तुत गरेको छ भने चप्पल नभएकै कारण श्रुतिलेखन प्रतियोगितामा जानबाट वञ्चित हुनुपर्दाको मानसिक अभिघातलाई प्रस्तुत गरेको छ । 'डढुवाई आमा' कथामा गर्भवती भएकै कारण अस्वस्थ हुँदा धामीले उपचारका नाममा तताएको पनियोले डाम्दा बेहोस बनेको र जेठको गर्मीमा शरीरभरि पानी फोकाले पोलेर शारीरिक पीडा सहनुपरेको; पछि त्यही गर्भबाट जन्मिएको छोराले आमाको रूपका कारण अत्यन्त अपहेलित र तिरस्कृत गरेको विषयलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा उपचारका नाममा धामीले तातो पनियोले डाम्नु र शरीरभरि पानी फोका आउनु शारीरिक तथा छोराले अपमान गर्दा उत्पन्न पीडा मानसिक अभिघात हो । 'नुच्छेमान' कथामा बाबुले जुवा खेलेर ऋण लगाउँदा घर खेत बेचेको नुच्छेमानले आफ्नै घरमा भाडा तिर्नुपरेको र बुढेसकालमा सकीनसकी कल चलाउनुपरेको विषय प्रस्तुत छ । प्रस्तुत कथामा गरिबीले गर्दा नुच्छेमानको मानसिक पीडा र कलले हात च्यापिदा शारीरिक पीडा देखिन्छ भने

उसको अवस्था देखेर कथयिता पात्रमा मानसिक पीडाजन्य अभिघात उत्पन्न भएको छ । 'भजाइनल ट्रमा' कथामा अम्बाको रुखबाट लोटेर गुप्ताङ्गमा घाउ हुँदाको शारीरिक पीडा र चार वर्ष यौनसम्बन्ध राखेमा इन्फेक्सन हुन सक्ने अवस्थालाई नबुझेर आफ्नो प्रस्ताव अस्वीकार गरेको भन्दै प्रेमी शिशिर रिसाएर त्याग्दा मेनुकाको मनमा उत्पन्न पीडा अभिघातका रूपमा प्रस्तुत भएको छ । 'उदास बिहीबार' कथामा तीन वर्षको उमेरमा आमाले अलपत्र पारेर छोड्दा र बालाश्रमकी मिसले सडकछाप भनी लगाएको आरोपले उत्पन्न मानसिक पीडा र त्यो चोट सहन नसकी आत्महत्याको प्रयत्न गर्नु; जीवित रहने क्रममा शारीरिक पीडाजन्य अभिघात प्रस्तुत भएको छ । 'वीर्यदान' शीर्षकको कथामा पति रमेशको विश्वास र सल्लाह विपरित पत्नी सरलाले पूर्व प्रेमी रोमुसँग यौन सम्बन्ध राखेर बच्चा जन्माएको थाहा पाएपछि रमेशको मनमा लागेको चोट मानसिक अभिघात हो । 'गाजल बेच्ने केटी' कथामा सडक व्यापारीलाई प्रहरीले धरपकड गर्दा भएको भागदौड शारीरिक अभिघात हो भने युवतीलाई आन्टीले सामान चोरेको आरोप लगाउँदा र समाजले अनाथ भनी तिरस्कार गर्दा लागेको चोट मानसिक अभिघात हो । 'रित्तो आँगन' कथामा छोरा पाउने लालसाले गर्भपतन गर्दा अत्यधिक रक्तश्राव भएको र ज्यान नै जोखिममा पुगेको घटना शारीरिक अभिघातजन्य छ । प्रस्तुत कथामा छोराले आमाबाको वास्ता नगरी विदेशमै रमाउँदा छोरालाई महत्त्व दिएर पटकपटक गर्भपतन गर्ने आमाबाका मनमा उत्पन्न पीडा मानसिक अभिघात हो । 'भित्ताका कान' शीर्षकको कथामा आफ्नो लोग्ने र बुहारीलाई बिस्तरामा नग्न अवस्थामा देख्दा नर्मदाका मनमा उत्पन्न पीडाजन्य अभिघात प्रस्तुत भएको छ । प्रस्तुत कथामा नर्मदाको आत्महत्याको प्रयास शारीरिक अभिघात हो । 'निर्दोष भूलहरू' कथामा देवी र दानव बनेर खेल्दा केटाहरूको ज्यादतीको विरुद्ध केटीहरूले झीरले उनीहरूका पेटमा घोँचिदिएको घटना शारीरिक अभिघात हो 'बेचेका कुलदेवता' कथामा सुखको खोजीमा पैत्रिक थलो बेचेर हिँडेको रामनरेशले बसाइ सरेको ठाउँमा सर्पले टोकेर छोरो गुमाउनु, बाघले बाख्रा खाइदिनु, स्यालले कुखुरा खाइदिनु, घर र गोठमा पहिरो र बाडीको उच्च जोखिम हुनाले बसाइ सरेकोमा पश्चात्ताप बोध गर्नु मानसिक अभिघातका पक्ष हुन् भने मध्यरातमा घर छोडेर पाटीमा बास बस्नु शारीरिक पीडाजन्य अभिघात हो । 'सन्तापको धून' कथामा आरन किस्नेले गरिबी र विवसताका कारण साउनको गर्मीमा ज्यानै जाने तहसम्मको पीडा सहेर गोल पोल्नु शारीरिक अभिघात हो । त्यसैगरी प्रस्तुत सङ्ग्रहमा अन्तिम कथाका रूपमा समाविष्ट 'नरकङ्कालको गीत' कथामा कुष्ट रोग लगेकाले तोर्मे र खिरुलीलाई गाउँबाट निकाला गर्दा उत्पन्न मनसिक पीडा, भयका कारण सुरवीर बिरामी पर्नुजस्ता मानसिक अभिघातको प्रस्तुति छ ।

यसरी प्रस्तुत तेह्रवटा कथाहरूको सङ्ग्रहका रूपमा प्रकाशित *सन्तापको धून* कथासङ्ग्रह अभिघातको प्रस्तुतिका दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ । प्रस्तुत सङ्ग्रहका कथाहरूमा शारीरिक तथा मानसिक दुवै अभिघातको प्रस्तुति भएको छ । ती अभिघातका कारणहरू भिन्नभिन्न छन् । आर्थिक अभाव, अन्धविश्वास र सन्तानको तिरस्कार, प्रेममा उत्पन्न अविश्वास, आफ्नै आमा र

आफन्त समाजले गर्ने तिरस्कार, श्रीमतीले गर्ने विश्वासघात, छोराप्रतिको आशक्ति अनैतिक यौनसम्बन्ध, गलत निर्णय आदि रहेका छन् । सङ्ग्रहका कतिपय कथामा प्रवल रूपमा र कतिपय कथामा झिनो रूपमा अभिघातजन्य अवस्था प्रस्तुत भएको छ ।

## सन्दर्भ सामग्रीसूची

कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *उत्तरआधुनिक नेपाली समालोचना.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी* (१०/ माघ, फागुन, चैत). पृ. ३८४-३९८ ।

गौतम, शंकर (२०६५). 'समकालीन द्वन्द्वकथालाई अभिघातले हेर्दा'. *मधूलिका.* (१३/१०). पृ. ९७-१०१ ।

थापा, अशोक (२०७९). *सन्तापको धून.* काठमाडौँ : पेज टर्नर ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* काठमाडौँ : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोडर्न बुक ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शर्मा, विन्दु (२०६८). 'कथाको अभिघात समालोचना'. *उन्मेष.* (१२/). पृ. ११३-१२२ ।